# खण्ड ५

# जैविक प्रविधिको विकास, परम्परागत ज्ञान र खाद्य सुरक्षा

जैविक र आनुवंशिक प्रविधिको सहयोग र विश्व व्यापार सङ्गठनको माध्यमबाट मौलाएको विश्वव्यापीकरणले गर्दा परम्परागत ज्ञान/प्रविधि/सीपमा भएको ह्रास, विकासशील देशका कृषकहरूको मौलिक/परम्परागत ज्ञान तथा जैविक स्रोतबाट फाइदा पाउनुपर्ने अधिकारको हनन् र खाद्य-सुरक्षामा आएको सङ्कट पनि वातावरणीय अन्याय हो । आफ्नो वातावरणीय स्रोत (जैविक विविधता/आनुवंशिक स्रोत)को नियन्त्रण बहुराष्ट्रिय कम्पनीहरूमा जानु तर जैविक प्रदूषणको बोझ बेहोर्नु पर्ने परिस्थिति विकासशील देशका कृषकमाथिको अन्याय हो । यो अन्यायले उनीहरूको खेती गर्ने अधिकार र आफ्नो स्रोतमाथिको नियन्त्रण र फाइदा लिने अधिकार हनन् भएको छ । यसबाहेक उनीहरूको खेती-प्रणाली परनिर्भरतामा धकेलिएको छ र जीविकोपार्जनमा सङ्कट आइपरेको छ । यो खण्डमा समावेश लेखहरूले यिनै सवालहरूलाई विस्तृत रूपमा र नेपाल तथा विकासशील राष्ट्रको परिप्रेक्ष्यमा बयान गरेका छन् ।

यस खण्डको पहिलो लेखले जैविक प्रविधिको विस्तार र बौद्धिक सम्पत्ति अधिकार प्रणालीको संयुक्त असरले विकासोन्मुख देशका कृषकहरूको आफ्नो स्रोत/ज्ञानमाथिको नियन्त्रणको अधिकार कसरी हनन् हुन पुगेको छ भन्ने बुझाउँछ । विश्व व्यापार सङ्गठनको 'ट्रिप्स' (बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी)को प्रावधान किन आएको हो,

प्रकृतिप्रदत्त स्रोतलाई केही परिवर्तन गरेको अन्वेषणलाई यो अधिकार दिनु नैतिक रूपमा उपयुक्त छ/छैन, जैविक महासन्धिका प्रावधानहरू के हुन् र किन लागू हुँदैनन् तथा जैविक-प्रविधिले गर्दा 'जैविक-चोरी'को वृद्धि कसरी भएको छ भन्नेबारे छोटो बयान यस लेखमा समेटिएको छ। यस खण्डको दोस्रो लेखले जैविक प्रविधि (वर्णशङ्कर तथा आनुवंशिक-परिवर्तित बीउ) र विश्व व्यापार सङ्गठनको विस्तारले जैविक विविधता कसरी नष्ट गरेको छ र यसका दुष्परिणामहरू के के हुन सक्दछन् भन्नेबारे नेपालको परिप्रेक्ष्यको विस्तृत व्याख्या गरेको छ। परम्परागत ज्ञान, यसको उत्पत्ति र भूमिका तेस्रो लेखमा समावेश भएको छ। यस लेखमा परम्परागत सीप/ज्ञान/प्रविधि/प्रणालीमा वातावरण जोगाउने तथा खाद्य-सुरक्षा पुऱ्याउने प्रकृयाहरू थिए, जुन अहिलेको आधुनिक खेती प्रणालीमा उपलब्ध छैनन् भन्ने तर्क प्रस्तुत छ। विश्व-व्यापीकरण र उदारीकरण प्रकृयाले गर्दा जैविक विविधता र परम्परागत ज्ञान/प्रविधिमा ह्रास आएको छ र खेती-प्रणाली, खाद्य सुरक्षा र जीविकोपार्जन सुरक्षामा यसको नकारात्मक प्रभाव परेको तथ्य यस लेखले देखाउँछ। चौथो लेख स्थानीय बीउहरू किन हराइरहेका छन् र यी बीउको महत्व के छ भन्नेबारे केन्द्रित छ भने अन्तिम लेखले जैविक र आनुवंशिक प्रविधिलाई मान्यता दिन र विस्तार गर्न शक्तिशाली राष्ट्रले गर्ने कुटनीतिक-राजनीतिक खेल वा रणनीतिमाथि प्रकाश पारेको छ।

नेपालको अहिलेको चुनौती भनेको यहाँ विद्यमान जैविक विविधतालाई प्रयोग गरेर यसको फाइदालाई स्थानीय समूहको खाद्य तथा जीविकोपार्जन सुरक्षा अभिवृद्धि गर्नु हो। तर यस खण्डमा सम्मिलित लेखहरूले अहिलेको विश्व राजनीतिक, आर्थिक, प्राविधिक वातावरणले त्यस्तो रणनीति सफल बनाउन विभिन्न बाधा अड्चन पुऱ्याइरहेको देखाउँछन्। विश्व व्यापार सङ्गठनको सदस्यता पाए पनि नेपालले आफ्नो जैविक विविधता संरक्षण गर्नेतर्फ कुनै ठोस कदम उठाएको छैन, जुन अत्यावश्यक भइसकेको छ। नेपाल औद्योगिक र कृषि विकासको क्रममा निकै तल परेकोले अहिलेको परिवर्तित विश्व वातावरणमा यहाँको जैविक विविधता र स्रोत नै आर्थिक विकासको मेरुदण्ड हुन पुगेको छ। दुर्गम सीमान्त क्षेत्रमा हुने बहुमूल्य जडीबुटी र जैविक स्रोत नै नेपालको लागि तुलनात्मक रूपमा बढी फाइदा भएका स्रोतहरू हुन्। यी स्रोतहरूको दिगो प्रयोग गर्नु र त्यस क्षेत्रका जनताको जीवनस्तरमा गुणात्मक वृद्धि गर्ने कार्यमा लगाउनु आवश्यक छ। यो 'वातावरणीय न्याय'को दृष्टिकोणबाट पनि अपरिहार्य छ। ♦